# नेपाल फाईनान्स लिमिटेडको
# २९ औं बार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण
# (माईन्युट)

**१. सभाको वैधानिकता :**

नेपाल फाईनान्स लिमिटेडको मिति २०७८/१२/०९ बुधबार (२३ मार्च, २०२२) मा बसेको संचालक समितिको ३५२ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र नेपाल फाईनान्स लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम २९ औं बार्षिक साधारणसभा २०७९ साल बैशाख ०३ गते शनिवार हुने निर्णय भई मिति २०७८/१२/१० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरी पुनः मिति २०७८/१२/२८ गतेका दिन अन्नपुर्ण पोस्ट राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभा वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधानज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

**२. सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल बैशाख ०३ गते (तदनुसार १६ अप्रिल २०२२) शनिवार ।

स्थान : होटल एल्लो प्यागोडा, कान्तिपथ, काठमाडौ

समय : विहान ११:०० बजे ।

**३. सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम संस्थाको २९ औं बार्षिक साधारणसभाको सूचना तथा संचालक समितिको तर्फबाट प्रस्तुत हुने प्रतिवेदन एवं वित्तीय विवरण समेत शेयरधनीहरुले संस्थामा उपलब्ध गराएको ठेगानामा पठाइएको तथा संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुविधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.nepalfinance.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

**४. छलफलको विषयहरु :**

**(क) साधारण प्रस्तावहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.०७७/७८ को वासलात, २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. ०७८/७९ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

Nepal Finance Limited
NEFINSCO Corporate Office Kathmandu 2049

४. संस्थाको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ (चार) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्ताव:**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

**५. उपस्थिति :**

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | अध्यक्ष |
| २. | श्री चन्द्रकुमार राई | सञ्चालक |
| ३. | श्री दिप्रश शाक्य | सञ्चालक |
| ४. | श्री राजन प्रजापती | सञ्चालक |
| ५. | श्री लक्ष्मी महर्जन | सञ्चालक |
| ६. | श्री रोजिना श्रेष्ठ | सञ्चालक |
| ७. | श्री आनन्दकृष्ण ताम्राकार | स्वतन्त्र सञ्चालक |

**५.२ आमन्त्रित व्यक्तित्वहरु**

| | | |
|---|---|---|
| १. | श्री कमलराज निरौला | कम्पनी रजिष्ट्रारको कार्यालय |
| २. | श्री बासु थपलिया | प्रभु क्यापिटल लि. |

**५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १. | प्रमुख कार्यकारी अधिकृत | श्री उध्दबराज थपलिया |
| २. | कम्पनी सचिव | श्री बिष्णुप्रसाद गौतम |
| ३. | प्रबन्धक | श्री सागर प्रजापती |
| ४. | नायब प्रबन्धक | श्री मधु नेपाल |
| ५. | नायब प्रबन्धक | श्री चन्द्रशेखर खड्का |

**५.४ शेयरधनीहरुको उपस्थिति**

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १ | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | १०२ जना |
| २ | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ७९ जना |

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

जम्मा उपस्थित संख्या:    १८१ जना
जम्मा उपस्थित कित्ता:    २६ लाख ११ हजार ४ सय ९७ कित्ता

**६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या "क" र "ख" समूह | ६,८३९ जना | १८१ जना | ५२.९२% |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ४९,३४,९६३.२५ | जम्मा उपस्थित शेयर कित्ता: २६,११,४९७ | |

**७. सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम बार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) तथा वित्तीय संस्थाको नियमावलीको नियम ५ अनुसार साधारणसभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा उल्लेख भएका शेयरधनीहरुमध्ये स्वयम् उपस्थित शेयरधनीको संख्या १०२ जना र प्रोक्सी मार्फत ७९ जना गरी कुल १८१ जना शेयरधनीको २६,११,४९७ कित्ता बराबरको उपस्थिती रहको र उक्त उपस्थिति कुल शेयर कित्ता ४९,३४,९६३.२५ को ५२.९२ प्रतिशत रहेकोले संस्थाको कम्पनी सचिवबाट साधारणसभाको गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार भएको सभा वैधानिक भएको जानकारी गराई सभा बैधानिक भएको व्यहोरा समथर्नका लागि अनुरोध गरी सभामा उपस्थित शेयरधनीमहानुभावहरुले सभा बैधानिक भएको घोषणा गर्दै सभा अगाडी बढाउन अनुमती प्राप्त भयो ।

७.२ वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै बिहान ११:१५ बजे अध्यक्ष प्रा. श्री हिरेन्द्रमान प्रधान ज्यूको सभापतित्वमा संस्थाको २९ औं बार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभापति ज्यूको अनुमतिले सञ्चालक श्री दिप्रश शाक्यले स्वागत मन्तव्य दिनुभयो ।

**८. प्रतिवेदनको प्रस्तुति**

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषयसूची अनुसार आ.व. २०७७/०७८ को सञ्चालक समितिको तर्फबाट तयार पारिएको अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूको अनुमतिले संस्थाका प्रमुख कार्यकारी अधिकृतज्यूले सभा समक्ष नेपाल फाईनान्स लिमिटेडको लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.२०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाव समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

८.३ त्यसैगरी सभापतिज्यूको अनुमतिले कम्पनी सचिवले सभा समक्ष छलफल तथा निर्णयका लागि तयार पारि सूचना गरिएका साधारण तथा बिशेष प्रस्तावहरुलाई छलफलको लागि सभा समक्ष प्रस्तुत गर्नुभयो, साथै विविध अन्तर्गत छलफल तथा पारितका लागि कुनैपनि प्रस्तावहरु नरहेको समेत जानकारी गराउनु भयो ।

**९. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ साधारणसभामा निर्धारित प्रस्तावहरुको विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप बार्षिक साधारण सभामा प्रस्तुत भएका साधारण र विशेष प्रस्ताव बारे छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसारका जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२ छलफलमा सहभागी भई सुझाव एवम् मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री शत्रुघन श्रेष्ठ
२. श्री नरसिंहलाल चंखु
३. श्री कृष्ण प्रसाद अधिकारी
४. श्री चन्द्र नारायण श्रेष्ठ
५. श्री ब्रह्मदेव शाक्य
६. श्री रोजकुमार श्रेष्ठ
७. श्री शिव प्रसाद पौडेल
८. श्री ईन्द्रकृष्ण श्रेष्ठ
९. श्री महेन्द्र बहादुर श्रेष्ठ
१०. श्री उत्सव सुन्दर श्रेष्ठ
११. श्री नारायण सुन्दर श्रेष्ठ

**१०. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो ।

**१. सर्वसाधारण शेयरधनी श्री शत्रुघन श्रेष्ठ**

समस्याग्रस्त संस्थालाई पुर्नजीवन प्रदान गरी नयाँ लगानीकर्ताको तर्फबाट संस्था सुधारका लागि गरिएका प्रयासहरु सह्रानिय रहेको तथा अझपनि खराब कर्जा असुलीलाई थप प्रभावकारी ढंगबाट लाग्नका लागि सुझाव व्यक्त गर्दै कर्जा निक्षेप अनुपातलाई सन्तुलन मिलाई व्यवसाय बिस्तारका लागि शुभकामना साथै हकप्रद शेयर निष्काशन छिट्टै सक्नका लागि अनुरोध गर्दछु ।

**२. सर्वसाधारण शेयरधनी श्री नरसिंहलाल चंखु**

संस्था सुधारको क्रममा सकारात्मक भइरहेको तथा निक्षेप र कर्जा लगानी समेत उल्लेख्य रुपमा बृद्धि भइरहेको पाइयो । लगानीलाई विविधिकरण गर्न तथा कर्जा असुलीलाई प्राथमिकतामा रख्नका लागि

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

अनुरोध गर्दछु । शाखाहरुलाई नाफामुखी बनाई आगामी बर्षहरुमा लगानीकर्ताहरुलाई लाभांश वितरण गर्नसक्ने गरी व्यवसाय बिस्तारका लागि अनुरोध गर्दछु साथै कर्मचारीहरुलाई उत्प्रेरित पारी कार्य गर्ने व्यवस्था मिलाउनका लागि समेत संचालक समितिलाई अनुरोध गर्दछु ।

**३. सर्वसाधारण शेयरधनी श्री कृष्णप्रसाद अधिकारी**

नयाँ बर्ष २०७९ को सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै संस्थामा रहेका महिला संचालकहरुलाई थप सक्रिय रहनका लागि अनुरोध गर्दछु । शेयरधनीहरुको सुची प्रकाशन गर्दा सर्वसाधारण तथा संस्थापक शेयरधनी छुट्याउनका लागि तथा प्रतिवेदनलाई समेत नेपाली भाषामा प्रकाशनका लागि अनुरोध गर्दछु ।

**४. सर्वसाधारण शेयरधनी श्री चन्द्रनारायण श्रेष्ठ**

नयाँ बर्ष २०७९ को सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना संस्था सुधार भइरहेको अनुभुती पाइएको छ यसैगरी सुधार गरी आगामी बर्षबाट लाभांश वितरण गर्न सक्ने गरी खराब कर्जा असुल गर्न सकियोस शुभकामना व्यक्त गर्दछु ।

**५. सर्वसाधारण शेयरधनी श्री ब्रम्हदेब शाक्य**

संस्थागत सुशासनलाई प्राथमिकतामा राखी इमान्दारीताका साथ संचालन गर्न तथा खराब कर्जा असुली लाई थप प्राथमिकतामा राखी कार्य संचालनका लागि अनुरोध गर्दछु । यस साधारण सभामा पेश भएका प्रस्तावहरुलाई पूर्ण सर्मथन गर्दै निक्षेप आकर्षणका लागि नयाँ नयाँ उपायहरु अवलम्बन गर्नका लागि अनुरोध गर्दछु ।

**६. सर्वसाधारण शेयरधनी श्री रोजकुमार श्रेष्ठ**

समस्याग्रस्त अवस्थाका दुबै संस्थाहरुलाई एक बनाएर सुधारको चरणमा ल्याउनका लागि नयाँ लगानीकर्ताहरुबाट भएका प्रयासहरुको प्रशंसा व्यक्त गर्दछु । हालको तरलताको संकट तथा नियमनकारी निकायको निक्षेप कर्जा अनुपातका कारण कर्जा लगानी बिस्तारमा कठिनाई भएतापनि लक्ष्य प्राप्तिका लागि हौसला प्रदान गर्न चाहन्छु । साथै गतबर्षको वित्तीय बिवरणमा आन्तरिक लेखा परिक्षक तथा बाह्यलेखा परिक्षकको वित्तीय विवरणमा नाफामा धेरै फरक हुनुको जिज्ञासा राख्दछु ।

**७. सर्वसाधारण शेयरधनी श्री शिबप्रसाद पौडेल**

संस्था सकारात्मक रुपमा अघि बढिरहेकोमा बधाई एंव शुभकामना व्यक्त गर्दछु । हकप्रद शेयर निष्काशनको काम चाडै अघि बढोस, संस्थागत सामाजिक उत्तरदायित्वको रकम उचित ठाउँमा लगानी होस साथै आगामी बर्षका लागि लांभाशको अपेक्षा राख्दछु र साधारण सभाको सूचना एसएमएस मार्फत पनि पठाउनका लागि अनुरोध गर्दछु ।

**८. सर्वसाधारण शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठ**

संस्था सुधारमा रहेको हेर्न पाउँदा हर्षित छौ । आगामी बर्ष लाभांश पाउने आशा गरेका छौ । बार्षिक साधारण सभा शनिबार बाहेक अन्य दिनमा गर्नका लागि अनुरोध गर्दछु । निष्पक्ष एंव इमान्दारिताका साथ संस्था संचालन होस भन्ने शुभकामना व्यक्त गर्दछु ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

**९. सर्वसाधारण शेयरधनी श्री महेन्द्र बहादुर श्रेष्ठ**

नयाँ लगानीकर्ताको अदम्य शाहस एंव मेहनतका कारण संस्था सुधारको चरणमा गएको आभाष भएको छ । संस्थाको विगतको शाखः फर्काउन तथा निक्षेप संकलनका लागि थप प्रभावकारी उपायहरु अवलम्बनका लागि अनुरोध गर्दछु साथै वित्तीय संस्था संघबाट समेत नेपाल फाइनान्सलाई केहि सहुलियतका लागि पहल गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई अनुरोध गर्दछु । संस्थागत सुशासनलाई प्राथमिकतामा राखी कृषि तथा उत्पादनमुलक क्षेत्रमा लगानी बिस्तार गर्न खराब कर्जा असुलीलाई प्रभावकारी भुमिका खेल्न र सामाजिक उत्तरदायित्वको रकमलाई संस्थाको ब्राण्डिङ्ग हुनेगरी उचित व्यवस्थापनका लागि अनुरोध गर्दछु । साथै आ.ब. समाप्त भएको ६ महिना भित्र साधारण सभा सम्पन्न गर्नका लागि अनुरोध गर्दछु ।

**१०. सर्वसाधारण शेयरधनी श्री उत्सब सुन्दर श्रेष्ठ**

सर्वप्रथम संस्थालाई यहाँसम्म ल्याई पुर्याएकोमा धन्यवाद र शुभेच्छा । बार्षिक साभारण सभाको पुस्तिका प्रकाशन गर्दा संचालक समितिको फोटोसंगै कम्पनी सचिवको नाम तथा फोटो राख्नका लागि अनुरोध गर्दछु । संस्थाको संचित मुनाफा नकारात्मक हुँदा समेत सामाजिक उत्तरदायित्वको रकम जगेडा कोषमा नै राखी खर्च नगर्दा राम्रो हुनेथियो भन्ने जिज्ञासा राख्दछु । साथै हकप्रद शेयरको अनुपात बारे जिज्ञासा राख्दछु ।

**११. सर्वसाधारण शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठ**

सर्वप्रथम संस्थाका संचालक समिति तथा व्यवस्थापनलाई धन्यबाद तथा आगामी दिनका लागि शुभकामना । अधिकांश शेयरधनीले आगामी आ.ब.मा लाभांशको अपेक्षा गरेकोमा संस्था सुधार भइरहेको तथा हालको बजारको अवस्था तथा संस्थाको वित्तीय बिवरण हेर्दा अझै २ आ.ब. मा लाभांशको आशा गर्ने ठाँउ नरहेको देखिन्छ । तथापी खराब कर्जा असुलीमा तिब्रता , व्यबसाय बिस्तार तथा सरकारी ऋण पत्रहरुमा लगानी गरी नाफा बुक गर्नका लागि समेत अनुरोध गर्दछु । साथै हकप्रद शेयर निष्काशनको लागि फर्म भर्न समेत असजिलो हुने स्थिती रहेकोमा स्प्रष्ट बुझिने फर्म छाप्नका लागि अनुरोध गर्दछु ।

**११. छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ:**

छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, धारणा, मन्तव्य तथा प्रश्नहरुको जवाफ सभाका सभापति प्रा.श्री हिरेन्द्रमान प्रधान स्वयम्ले तथा उहाँको अनुमतिबाट प्रमुख कार्यकारी अधिकृत श्री उध्दवराज थपलिया ज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

**क) अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान:**

- छलफलका कममा आफ्नो अमुल्य सल्लाह एवम् सुझावहरुका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामी दिनहरुमा समेत यस्तै सुझाव तथा मार्गदर्शनहरु निरन्तर प्राप्त भइरहने आशा व्यक्त गर्दछु ।
- यहाँहरुले वित्तीय विवरण प्रकाशनको बिषयमा, कम्पनी सचिवको फोटो राख्ने बिषयमा, नेपाली भाषामा बार्षिक प्रतिवेदन छाप्ने जस्ता बिषयमा उठान गर्नुभएका बिषयहरुलाई आगामी साधारण सभा प्रयोजनको बार्षिक वित्तीय विवरणमा सुधार गर्नेछौं ।

Nepal Finance Limited NEFINSCO Corporate Office Kathmandu 2049

- हिजो लामो समयसम्म समस्यामा रहेको र लगानीकर्ताहरुको भविष्य समेत अन्यौल रहेको यस संस्थाको हालको अवस्थाले उज्वल भविष्यको संकेत गरिरहेको सकारात्मक सन्देशका रुपमा लिएका छौ । यसबाट वित्त बजारमा एउटा उदाहरणीय र स्थापित वित्तीय संस्था निर्माण गर्नको लागि नयाँ लगानीकर्ताहरुको संकल्प एंव प्रतिबद्धता रहेको कुरा प्रष्ट हुन्छ ।
- आ. ब. २०७८/०७९ को साधारण सभा सकेसम्म पौष भित्र नै गर्ने गरी कार्य अगाडी बढाइने ब्यहोरा जानकारी गराउँदछौं ।
- निक्षेप संकलन र कर्जा लगानीलाई नेपाल राष्ट्र बैंकको नीतिगत व्यवस्था अनुरुप विविधिकरण गरेर नै संकलन र लगानी गर्दै आइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।
- संस्थाले संस्थागत सुशासन र नीतिगत काम कारबाहीको सम्बन्धमा शुन्य सहनशिलता अपनाई कार्य गरेको र हिजो संस्थागत सुशासन कमजोर रहेका कारणले यो संस्था समस्याग्रस्त अवस्था बाट गुज्रिनु परेको तितो यथार्थ हामी माझ रहेकोले नयाँ संचालक समिति संस्थागत सुशासनमा कटिबद्ध रहेको ब्यहोरा म यो सम्मानित सभामा राख्न चाहन्छु ।
- यहाँहरुले भने जस्तै working together and grow together को सिद्वान्त अवलम्बन गरेर सबैलाई साथ लिएर नै अगाडी बढ्नेछौं र प्रतिवेदनका बारेमा यहाँहरुबाट व्यक्त भएका सुझाव र सल्लाहलाई आत्मसात गर्दै यस्तै सकारात्मक सल्लाहको निरन्तरता अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

**ख) प्रमुख कार्यकारी अधिकृत श्री उध्दबराज थपलिया:**

- सर्वप्रथम यहाँहरुबाट प्राप्त भएका सकारात्मक सुझाव र सल्लाहका लागि हार्दिक आभार व्यक्त गर्दछु ।
- यहाँहरु सबैजना बाट खराब कर्जाको बिषयमा उठान गर्नुभएका जिज्ञासाको सम्बन्धमा खराब कर्जा असूलिको लागि कर्जा असूलीको एउटा छुट्टै विभाग नै खडा गरेर कार्य भईरहेको यहाँहरुलाई जानकारी गराउँदछौं । साथै संस्थाले यसै आर्थिक बर्षभित्र खराब कर्जाको अनुपात ५ प्रतिशतको सीमाभित्र ल्याउने गरी कार्य अगाडी बढाईरहेको समेत म यहाँहरुलाई जानकारी गराउँदछु ।
- यहाँहरुले राख्नु भएजस्तै आगामी बर्षदेखि उचित प्रतिफल दिने गरी व्यवस्थापनले कार्य गरिरहेको म यहाँहरुलाई जानकारी गराउन चाहन्छु ।
- आगामी साधारण सभा पौष भित्रै गर्ने योजनाका साथ आन्तरिक लेखापरिक्षणको कार्यलाई प्राथमिकतामा राखि कार्य भईरहेको र यस सभाबाट बाह्य लेखापरिक्षक नियुक्तिको निर्णय हुँदासाथ लेखापरिक्षणको कार्यलाई अगाडी बढाईने ब्यहोरा समेत जानकारी गराउन चाहन्छु ।
- संस्थागत सामाजिक उत्तरदायित्वको रकम नितिगत व्यवस्था बमोजिम संस्थाको हितका लागि निष्पक्ष र इमान्दारिताका साथ व्यबस्थापन गर्ने प्रतिवद्धता ब्यक्त गर्दछु ।
- अन्त्यमा, यहाँहरुले गर्नुभएको बिश्वास, ब्यवस्थापनलाई दिनु भएको शुभेच्छा प्रति ब्यवस्थापन प्रमुखको हैसियतले हार्दिक आभार ब्यक्त गर्दै उक्त शुभेच्छालाई आत्मसात गर्दै आगामी दिनहरुमा संस्थाको दिगो विकासको लागि कार्य गर्दै जाने प्रतिबद्धता समेत ब्यक्त गर्दछु । साथै यहाँहरुबाट सदैव साथ, सहयोग र सल्लाह सुझावको अपेक्षा समेत गर्दछु ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

अब प्रस्तावित प्रस्तावहरु क्रमश: पारित गरि निर्णय गर्नेतर्फ सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

## १२. २९ औं बार्षिक साधारण सभाका निर्णयहरु

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

- सभापति ज्यूले स्वीकृतिको लागि सभा समक्ष प्रस्तुत गर्नु भएको आ. ब. २०७७/०७८ को संचालक समितिको बार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.०७७/७८ को वासलात, २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

- लेखापरिक्षण प्रतिवेदन सहितको आ.ब.०७७/७८ को वासलात, २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह विवरण (संलग्न अनुसूचीहरु सहित) स्वीकृत गरियोस् भनी सभापति ज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट स्वीकृत गर्ने निर्णय गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. ०७८/७९ को लेखापरिक्षण गर्न लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

- आ.व. २०७८/७९ को लागि बाह्य लेखापरिक्षकको नियुक्तिका बिषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम समितिले "कम्पनीको लेखापरिक्षकको नियुक्तिका लागि संभावित लेखापरिक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरि अनुमोदनको लागि साधारण सभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम संस्थाको लेखापरिक्षक समितिको सिफारिस अनुसार संचालक समितिको मिति २०७८/१२/०९ को बैठक नं. ३५२ बाट सिफारिस भई आए बमोजिम आ.व. २०७८/७९ को लेखापरिक्षण गर्न लेखापरिक्षक श्री एस.ए.आर. चार्टड एकाउन्टेन्ट्स लाई भ्याट बाहेक बार्षिक रु.२,५०,०००।०० (अक्षरुपी दुई लाख पचास हजार मात्र) पारिश्रमिक प्रदान गर्नेगरी संस्थाको बाह्य लेखापरिक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. संस्थाको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ (चार) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने ।

- बिषयसुचि ४ अर्न्तगत संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ (चार) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक) को निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा निर्वाचन अधिकृत श्री बिदुर प्रसाद ढुंगानाज्यूले निर्वाचन परिणामबारे सम्मानित सभालाई जानकारी दिनुहुँदै बार्षिक साधारण सभामा संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद ४ (चार) र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद १ (एक)

Nepal Finance Limited NEFINSCO Corporate Office Kathamndu 2049

समेत कुल ५ जना संचालकहरुको निर्वाचनको कार्यक्रम रहेकोमा प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम संस्थामा निम्नानुसारको संचालकहरु निर्विरोध निर्वाचित हुनुभएको व्यहोरा सभालाई जानकारी गराउनुभयो ।

| क्र.सं. | निर्वाचित संचालकको नाम | समुह |
|---|---|---|
| १. | प्रा.श्री हिरेन्द्रमान प्रधान | संचालक (संस्थापक शेयरधनी समुह) |
| २. | श्री दिप्रश शाक्य | संचालक (संस्थापक शेयरधनी समुह) |
| ३. | श्री राजन प्रजापती | संचालक (संस्थापक शेयरधनी समुह) |
| ४. | श्री बिकेश शाक्य | संचालक (संस्थापक शेयरधनी समुह) |
| ५. | श्री लक्ष्मी महर्जन | संचालक (सर्वसाधारण शेयरधनी समुह) |

**(ख) विशेष प्रस्तावहरु :**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्रुदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

- नेपाल फाईनान्स लिमिटेडले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्थालाई गाभ्ने/गाभिने तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई एक्विजिशन गर्ने प्रक्रिया अगाडी बढाउनका लागि संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन (Due Diligence Audit DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने समभ्रुदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगाएतका गाभ्ने/गाभिने तथा एक्विजिशन गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**ग. विविध ।**

विविध अर्न्तगत छलफल गर्नुपर्ने अन्य बिषय नभएकोले बार्षिक साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनुपर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

१३. **धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष प्रा.श्री हिरेन्द्रमान प्रधान ज्यूले सभामा सहभागी हुनुभई आफ्नो अमूल्य राय, सल्लाह, सुझाव सहितको मन्तव्य व्यक्त गर्नु भई सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु, संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव, अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, पत्रकार बन्धुहरु, संस्थालाई सधैं सहयोग पुऱ्याउनु हुने नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड लगायत अन्य नियमनकरी निकायहरु तथा आदरणीय ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्नुभयो । साथै संस्थाको व्यवस्थापन तथा सम्पूर्ण लगनशिल कर्मचारीवर्गलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

१४. **सभा विसर्जन**

सभापतिज्यूले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुनःधन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउसो २:१५ बजे सभा विसर्जन गर्नुभयो ।

..............................
बिष्णु प्रसाद गौतम
कम्पनी सचिव

Nepal Finance Limited
NEFINSCO
Corporate Office
Kathamndu
2049

..............................
प्रा.श्री हिरेन्द्रमान प्रधान
अध्यक्ष